परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक २९ २०७७ फाल्गुण २ गते आईतवार Sunday 14, FEB, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-



भगवानको मुर्ति विक्री गरेर लाखौंको आन्दानी : जहदा गाउँपालिका वडा नं २ को रघुनाथ मण्डल (गनगाई) ले विश्वकर्मा, दशहरा, छठ, सरस्वती, दिपावली लगायतका पूजाहरुमा माटो, परााल, जुट, बाासको भाटा लगायतको सामग्री प्रयोगरी भगवानको मुर्ति बनाएर विक्री गरी वार्षिक ५ देखि ६ लाख सम्म आन्दानी गर्ने गरिन्छ । मण्डलको बुवा झल्लु मण्डल र भाई तुलसी मण्डल पनि मुर्तिकार हुनुहुन्छ । माटोको मुर्तिसंगै सिमेन्टको कलात्मक मुर्ति वनाउन खप्पिस हुनुहुन्छ । तस्वीर : श्याम सुन्दर सुतिहार

## विराट राजवंशीको बृहत भेला पछि आन्दोलन

विराटनगर। विराट राजवंशीको चाहना, विराट प्रदेशको स्थापनाको नाराका साथ १४ औं विराट राजबंशीको बृहत भेला सकेपछि आन्दोलनमा जाने भएको छ ।

उक्त कुरा राजबंशी समाज उत्थान समिति (विराट) को अध्यक्ष भूवनेश्वर मण्डल विराट राजवंशीले बृहत भेला सम्वन्धी जानकारी गराउने उदेश्यले आयोजित पत्रकार सम्मेलनमा वताएका हुन् । वहांका अनुसार विराटनगर महानगरपालिकामा २०६४ साल देखि निरन्तर रूपमा आवाज उठाउँदै आइरहेकोमा सबै राजनीतिक दलहरुले अरुकसैको जाति सुचीकृत भएमा विराट राजबंशी पनि सूचीकृत हुन्छ भनी अश्वासन दिएका थिए तर सरकारले राना थारुलाई सूचीकृत गर्दा विराट राजबंशीलाई सूचीकृत नगरेकोमा आक्रोश पोखेका थिए ।

बृहत भेला पछि विराट राजबंशी जातिलाई सूचीकृत गराउन निरन्तर शान्तिपूर्ण वारपारको आन्दोलन गर्ने वहांको भनाई थियो । सोही अवसरमा विराट राजबंशीका बृहत भेला फाल्गुण ६ गते नगरपरिक्रमा गरी विरेन्द्र सभागृहमा भेला गर्ने भएको छ ।

१४ वर्ष देखि निम्न ८ वटा माग राखि निरन्तर सभा, सम्मेलन, विरोध, अन्तरक्रिया, छलफल, विचार गोष्ठी लगायतका कार्यक्रमहरु गर्दै आएको छ । विराट राजवंशी समाजका मागहरू १ विराट राजवंशीलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा सुचिकृत गर्नुपर्ने, २. प्रदेश न. १. लाई विराट प्रदेश घोषणा गर्नुपर्ने, ३. राज्यको हरेक अगमा विराट राजवंशीको स्थान सुनिस्चित गर्नुपर्ने ४. विराटनगर महानरपालिकाका तत्कालीन कटहरी, जहदा र बुढिगंगा गाउँपालिकाका क्षेत्रलाई विराट राजवंशी स्वायत परिषद्को व्यवस्था गर्नु पर्ने रहेको छ ।

वांकी अन्तिम पेजमा...

## ६ लाख २५ हजार छुटपछि म्याक्सको तनाव शान्त

विराटनगर । म्याक्स इन्टर नेशनल हस्पिटल एण्ड ट्रमा सेन्टर विराटनगरमा ४४ दिन देखि उपचार गराई रहेको एक विरामीको शुक्रवार राती मृत्युभएपछि शनिवार विहानै देखि पिडितको परिवारले गरेको आन्दोलनले तनाव ग्रस्त रहेको सेन्टरले पिडितको उपचारमा लागेको खर्च ६ लाख २५ हजार छुट गरेपछि तनाव शान्त भएको थियो ।

उपचारको क्रममा बिरामीको मृत्यु भएपछि उपचारमा संलग्न चिकिसत्सकलाई कारबाही, क्षतिपुर्ति, परिवारको भरणपोषण र राहतको माग गर्दै आफन्तले अस्पताल अगाडि प्रदर्शनसमेत गरेका थिए ।

२०७७ साल पुष महिनाको १६ गते विहानको खाना पकाउने क्रममा जिल्ला मोरंग जहदा गाउँपालिका वडा नं. ४ राम चौक बस्ने अर्जुन महतोको श्रीमति रंजना महतोको शरिरको विभिन्न भाग जलेको थियो । तत्कालै उपचारको लागि कोशी अस्पतला पुऱ्याएकोमा कोशी अस्पतालमा उपचार सम्भव नभएपछि धरानस्थित विपी कोइराला विज्ञान प्रतिष्ठान रेफर गरिदिएको भए पनि एम्बुलेन्स चालकले म्याक्स हस्पिटल लिएर आएको मृतक रञ्जनाकी सासु भगमन्ती देवी महतोले वताए ।

म्याक्स अस्पताले विरामीलाई निको पर्ने भनी ३ लाखमा उपचार गरी निको पार्ने ठेक्का लिएको तर उपचारको क्रममा रकम थप गर्दै विरामीलाई ४४ दिन सम्म अस्पतलामा राखी १२ लाख खर्च गराए पनि डाक्टरको लापार्वाहीले शुक्रवार राती रंजनाको मृत्यु भएपछि शनिवार विहानै मृतकका अफन्त र केही समाजिक अभियन्ताहरुले चिकित्सकको लापरबाहीका कारण मृत्यु भएको भन्दै नाराबाजीसहित प्रदर्शन गरेका थिए ।

आफन्तले नाराबाजी गर्दै प्रदर्शनमा उत्रिएपछि अस्पताल अगाडि मोरङ प्रहरीले ठूलो संख्यामा प्रहरी परिचालन गरेर सुरक्षा दिएका थिए भने प्रहरीले अस्पतल

वांकी अन्तिम पेजमा...

## बलात्कार घटनामा संलग्न अपराधीलाई पक्राउ गर्न प्रहरी असफल

विराटनगर । मोरङको जहदा गाँउपालिका वडा नम्बर १ र विराटनगर महानगरपालिका वडा नम्बर १८ विचको सिमानामा पर्ने राजवंशी टोलकी एक बालिकामाथि सामुहिक बलात्कार भएको ७ दिन विति सक्दा पनि अपराधीलाई कानुनको दायरामा ल्याउन प्रहरी असफल भई रहेको छ ।

उक्त जघन्य अपराधमा संलग्न दुई जना यादव थर भएका यूवाहरुलाई बचाउन र घटनालाई दवाउनको लागि राजनीतिक र समाजिक दवाव आईको परिवाकि श्रोतले वताएको छ । राजनीतिक पहुँच भएका यूवाहरु भएकोले सोही दवावका कारण अपराधीलाई पक्राउ गर्न प्रहरी असमर्थ भएको गाउँलेहरुले आरोप लगाएको छ ।

सो घटनाको पिडितको बाबुले प्रहरीमा नामै किटान गरी जबरजस्ती करणीमा पिडकहरुलाई कारवाहीको माग गर्दै जाहेरी दर्ता गराई सकेको छ ।

घटनाको विवरण अनुसार सोमबार राती साढे ९ बजेको समयमा पिसाब फेर्न भनि घरबाहिर रोड नजिकै नालामा निस्कीएकी १४ बर्षिया बालिकामाथी जबजस्ती बलात्कार भएको पीडित बालिकाका परिवारले बताएका छन् ।

रातको समयमा घरबाहिर रोड नजिकै नालामा पिसाब फेर्न निस्कीएकी ती बालिकालाई मोटरसाईकलमा आएका २ जना युवाले जबरजस्ती बालिकाको मुखमा सलको बुझोले थुनेर मोटरसाईकलमा लगेर जबरजस्ती करणी गरेको पीडितका आफन्तले बताएका छन् ।

बलात्कार शिकार बनेकी बालिकाले रुदै भनिन म पाँच मिनेट गर्न निस्कीएको थिए, २ जना केटाहरु बाईकमा आयो र जवरजस्ती मेरो मुख थुनेर बाईकमा बसाएर लग्यो म चिच्याउन खोज्दा पनि मेरो मुख थुनिदिए मैले केही बोल्न सकिन । घरदेखी धेरै टाढा रानी भेडयारीको मकैबारीमा लगेर जवजस्ती लुगा खोल्न लगाए । यो कुरा कसैलाई भनिस भने मारदिन्छु सम्म भन्ने धम्की दिए । पीडित बालिकाले घटना स्थलमा युवाहरुले एक अर्काको नाम लिएको र आफुले नाम अलिअलि याद गरेको बताएकी छिन् । उनले रुदै भनिन एउटाको जितेस यादव र अर्को अजय धोभिया ।

यता बालिकालाई मोटर साईकलमा हाल्नुभन्दा अगाडी छिमेकी विरेन्द्र राजवशीले २ जना व्यत्तिहरुलाई देखेको बताएका छन् । घटनाहुनुभन्दा अगाडीदेखी

वांकी अन्तिम पेजमा...

नेपाल सरकार स्वास्थ्य मन्त्रालय द्धारा प्रमाणितदुईबालबालिका चिन्हभएको आयोडिनयुक्त नुन नै प्रयोग गरौं ।



आयोडिन मन्थ सफल पारौं

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
अञ्चल कार्यालय विराटनगर

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## बलात्कार...

नै २ जना युवाहरु ती बालिकाको घर छेउछाउ मोटरसाईकलमा डुलेको राजवंशीले बताए ।

तर, पछि रातको समयमा पुन : तीनै युवाहरुले बालिकालाई अपहरण शैलीमा लैजादै गरेको समेत देखेको उनले सुनाए । रातको समय र टाढा भएका कारण बालिकाको बुबालाई घटनाबारे जानकारी दिदै मोटरसाईकलको पिछा गर्दा पनि नभेटेको बताए ।

पीडित बालिकालाई २ घन्टा सम्म दुई जना युवाले बलात्कार गरेको दावी पीडितको भनाई छ । १४ बर्षिया बालिकामाथि जबरजस्ती करणी गर्नेहरुलाई हदै सम्मको कारबाही हुनुपर्ने स्थानियहरुले बताएका छन् ।

उनीहरु चढेको मोटरसाईकलको पेट्रोल सकिएका कारण मोटरसाईकल स्थानिय उदित चन्द यादवको घरमा छोडेर भागेका थिए । बालिकालाई प्रयोग गरिएको को २२ प १८१६ नम्बरको डिसकभर मोटरसाईकल ईलाका प्रहरी कार्यालय बुधनगरको नियन्त्रणमा रहेको छ । घटना भए लगतै पीडित परिवारले माईती नेपाल र ईलाका प्रहरी कार्यालय रानी विराटनगरलाई जानकारी गराएको थियो ।

## विराट...

त्यसैगरी ५. राष्ट्रिय जनगणना आयोग तथ्यांक विभागमा सुचिकृत उन्मुख जातिहरुको अलगै अभिलेखको व्यवस्था गर्नुपर्ने, ६. भेडियारी स्थित विराट राज दरवार क्षेत्रको सरक्षण एवम् सम्वर्धन गरी पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नुपर्ने, ७. १ नं. प्रदेशसभा सदस्यमा यस प्रदेशको राजधानीका मुल आदिवासी विराट राजवंशीलाई समानुपातिक रूपमा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने । ८. विराटनगरको प्रथम जातिको रूपमा विराट राजवंशीलाई घोषणा गर्नुपर्ने लगायत रहेको छ ।

माथिका मागहरु लाई पूरा गर्ने उदेश्यले २०७७ फाल्गुन ६ गते हुँने १४ औ बृहत भेलामा विराट राजवंशीको भव्य र सभ्य भेला लाई आफ्नो जातीय भेषभुषा, सास्कृतिक पहिचान झल्काउने जुलुस झाँकी सहित सम्पूर्ण विराटप्रेमी दाजुभाइ, दिदिबहिनी, शिक्षक, कर्मचारी, व्यपारी, राजनीतिकज्ञ, किसान, विधार्थी, युवायुवती, कलाकार बृद्धबृद्धा तथा शुभ चिन्तक इष्टमित्रहरुलाई उपस्थितिको लागि आह्वान समेत गरेको छ ।

## ६ लाख...

र पिडित पक्षलाई छलफलको लागि वतावरण मिलाएको भएपनि प्रहरीले पत्रकारलाई अस्पतल प्रवेशमा रोक लगाएका थिए ।

पिडित र अस्पतला बीच छलफल पछि उपचारको क्रममा ८ लाख २५ हजार खर्च भएकोमा २ लाख बुझाई सकेको र वांकी बुझाउन रहेको ६ लाख २५ हजार छुट गरेपछि मृतकको शव बुझ्न परिवार तयार भएको समाजिक अभियन्ता जगरनाथ रायले जानकारी गराएका थिए । गरीब परिवारको रंजनाको उपचार विभिन्न व्यक्ति र संघ संस्थाको सहयोगबाट भई रहेको थियो

यसभन्दा पहिलेपनि जहदा गाउँपलिका वडा नं. ७ को गिरिजा यादवको पनि सोही अस्पतलामा मृत्यु भएको थियो ।

# ट्र्याक्टर दुर्घटनामा दुई जनाको मृत्यु

बिराटनगर । ताप्लेजुङ पाथिभरा याङवरक वडा नं. १ नाङखोल्याङका २० बर्षीय सुर्यमान राईको ट्र्याक्टर दुर्घटनाबाट मृत्यु भएको छ ।

विहिबार ताप्लेजुङ पाथिभरा याङवरक वडा नं. ४ डुम्रिसे स्थित भित्री सडकखण्डमा ना ७ त ३२९ नम्बरको ट्र्याक्टर अचानक अनियन्त्रित भई दुर्घटना हुदा ट्र्याक्टरमा रहेका सह चालक राईको सोही ट्र्याक्टरले किचेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

ट्र्याक्टर चालक याङवरक वडा नं. १ का २३ बर्षिय नर बहादुर राईलाई नियन्त्रणमा लिईएको उक्त कार्यालयले जनाएको छ ।

त्यसै गरी मोरङ सुनवर्षी नगरपालिका वडा नं. ४ का २३ बर्षीय मिथलेस यादवको ट्र्याक्टर दुर्घटनाबाट मृत्यु भएको छ । विहिबार सुनवर्षी नगरपालिका वडा नं. ४ स्थित भित्री सडक खण्डमा को १ त ३६७० नम्बरको ट्र्याक्टर आफै अनियन्त्रित भई दुर्घटना हुँदा ट्र्याक्टर चालक यादब गम्भिर घाईते भएका थिए ।

घाईते यादबको रंगेली अस्पतालमा उपचारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

मोटर साइकल चलाउदाहेलमेट अनिवार्य प्रयोग गरौं ।

# लागु औषध गाँजा सहित पाँच जना पक्राउ



विराटनगर । मोरङ विराटनगर महानगर पालिका वडा नं. १५ स्थित हुलास मेटल एरियाबाट लागुऔषध गाँजा सहित दुई जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा सुनसरी ईटहरी उपमहानगर पालिका वडा नं. ५ का ५२ बर्षीय तेज बहादुर राई र सोही स्थानका ४१ बर्षीय पदम बहादुर राई रहेका छन ।

शुक्रबार जोगबनी तर्फ जादै गरेको को २ ह ७२४१ नम्बरको अटोलाई विशेष सुराकका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको थियो ।

नियन्त्रण पश्चात अटोमा चेकजाँच गर्ने क्रममा वियरको काटुन भित्र लुकाई छिपाई राखिएको अवस्थामा ४ केजी गाँजा फेला पारी बरामद गरिएको हो ।

अटोमा गाँजा फेला पारिएपछि अटो चालक पदम बहादुर राई र अटोमा सवार रहेका तेज बहादुर राई समेतलाई नियन्त्रणामा लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

त्यसैगरी झापाको अर्जुनधारा नगरपालिका वडा नं. ११ बाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर र गाँजा सहित ३ जना पक्राउ परेका छन् ।

बिशेष सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट नयाँ बसपार्कबाट खटिएको प्रहरी टोलीले स्थानीय ४५ बर्षीय रबिन तामाङ र २८ बर्षीय दिल कुमार राई तथा भद्रपुर नगरपालिका वडा नं. ५ का ३८ बर्षीय हिलिहाङ तुम्बाम्फोलाई बिहिवार लागुऔषध सहित पक्राउ गरेको हो ।

पक्राउ परेका निजहरुको साथबाट प्रहरीले ४ सय ८० मिलिग्राम लागुऔषध ब्राउनसुगर, ट्रमाडोल क्याप्सुल ५९ ट्याब्लेट र २०० ग्राम गाँजा बरामद गरेको छ । पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।







नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### ओली सरकार निरंकुशता तर्फ उन्मुख

वर्तमान ओली सरकारले आफ्नै नेपाल कम्यूनिष्ट पार्टी ( नेकपा) को आन्तरीक विवादका कारण प्रतिनिधि सभा विघटन गरी इतिहासमा भएका राना, राजाहरुको जस्तो व्यवहार गर्न थालेको छ। अभिव्यक्ति स्वतन्त्रतामाथि नै आच आउने गरी समाजिक संजाललाई नियन्त्रणमा लिनु, मानव अधिकारीलाई पक्राउ गर्नु, पत्रकारमा खनिनु, राजनीतिक व्यक्तित्वलाई विना कारण पक्राउ गरी थुनामा राख्नु जस्ता कार्यले ओली सरकार निरंकुशता तर्फ उन्मुख भएको प्रष्ट देखिन्छ। अभिव्यक्ति स्वतन्त्रता माथि अंकुश लगाउन खोन्दै सबैलाई त्रसाउने गरी रामकुमारी झाँक्रीमा राजद्राहको आरोप लगाउँदै पक्राउ गरी ६ घन्टा हिरासतमा राखी जनताको दवावमा रिहा गर्नु केही उदाहरण रहेको छ। २०५९ तिर प्रधानमन्त्री शेरवहादुर देउवालाइ पदच्युत गरेर राजा ज्ञानेन्द्रले सत्ता आ-आफ्नो हातमा लिएका थिए। देशमा संकटकाल लगाउँदै जनताले पाएको हक अधिकार समेत खोसेको थियो। सोही सम्झना ओली सरकारले अहिले दिलाई रहेको छ। जनताले पाएको मौलिकहरुमा अंकुश लगाउँदै निरंकुशता तर्फ उन्मुख भएको छ।

जनतको हक हितका लागि काम गर्ने भनेर आम नेपाली जनताले नेकपालाई पूण बहुमत दिएको छ। देशमा समृद्धि र विकास ल्याउने भाषण दिदै हिडेका ओली बा अहिलेत जनताकै हक अधिकारको हनन् गर्द स्वेच्छाचारी बन्दै आफ्ना आसेपासेलाई राजनितिक नियुक्ति दिने, भ्रष्टाचार गर्ने, अकुत सम्पत्ति कमाउने भन्दै जनताको अधिकार माथि अंकुश लगाउँदै आफूलाई सर्व शक्तिमान ठान्दै जनताको आवाजलाई दवाउन उद्त देखिन्छ। इतिहासको पन्ना पल्टाएर हेर्दा तानाशाह बन्न इच्छा राख्न् व्यक्तिहरुले यस्तै जनतामा अंकुश लगाउने कदमहरु चाल्ने गरिन्छ। गणतन्त्रको लागि अग्रपंक्तिमा रहेर आन्दोलन गर्ने रामकुमारी झाक्रीले राष्ट्रपतिलाई अपशब्द प्रयोग गरिन भनेर देश द्रोह मुद्दा लगाउनु निन्दनिय र भर्त्सना योग्य रहेको छ।

लोकतन्त्रको गहना भनेकै निर्वाचन हो त र ती निर्वाचन विधी सम्मत हुनु पर्‍यो। निश्चित समय सम्म सत्ता संचालनको लागि दिएको समय नै नपुग्दै संसद विघटन गरी निर्वाचनमा जानु भनेको देशलाई देशलाई निरंकुशता तर्फ उन्मुख गराउनु हो। त्यसैले ओली सरकार समयमै आफ्नो गल्तीलाई स्वीकार गरी संविधानलाई ट्र्याकमा ल्याउन जरुरी छ अन्यथा जनताले सडकवाट ओली सरकारलाई खाली हात पठाउने छ।

# म्यानमारको सैनिक विद्रोहपछि

शशि थरूर

पछिल्लोपटक म्यानमारको सेनाले आफैँले सुपरिवेक्षण गरेको आम निर्वाचनको परिणाम सन् १९९० मा मन पराएको थिएन। त्यति बेला सैनिक जुन्टाले निर्वाचन परिणाम अस्वीकार गरेर आङ सान सु चीको पार्टी नेसनल लिग फर डेमोक्रेसी एनएलडी का अत्याधिक बहुमतसहित निर्वाचित नेताहरूलाई पक्राउ गरेर 'स्टेट ल एन्ड अर्डर रेस्टोरेसन काउन्सिल' को नाममा सैनिक शासन जारी नै राखे।

यो फरबरी १ मा देशकी वास्तविक नेता सु ची र एनएलडीलगायत अरू राजनीतिक नेताहरूलाई झिसमिसेमै गिरफ्तारीबाट त्यही घटना दोहोरिएको छ। सेनाले सत्ता हातमा लियो एक वर्षका लागि संकटकालको घोषणा गरियो र प्रधानमन्त्री जनरल मिन आङ लियाङलाई सत्ता सुम्पिइयो। पूर्व सैनिक जनरल उपराष्ट्रपति मिन्ट स्वेलाई राष्ट्रपति बनाइए पनि शक्ति सबै लियाङको हातमा छ।

सन् १९६२ देखि २०११ सम्म देशमा एकलौटी शासन चलाएको र बितेको एक दशक नागरिक सत्तासँग राजनीतिक संक्रमणमा सअकार्य गरेको सेनाले लोकतन्त्रमा उसको कुनै रुचि नभएको स्पष्ट गरेको छ। गत नोभेम्बरमा भएको निर्वाचनमा सु चीको एनएलडीले ४७६ मध्ये ३९६ स्थानमा विजय हासिल गरेको थियो भने सेनाको छद्म राजनीतिक मोर्चा युनियन सोलिडारिटी एन्ड डेभलपमेन्ट पार्टीलाई ३३ स्थानमा सीमित भयो। हुनत, लज्जास्पद हार बेहोरेपछि सेनाले मतदानमा धाँधली भएको आरोप लगाएको थियो तर सेनाको शक्तिमा भने कुनै चुनौती उपस्थित भएको थिएन। सन् २०११ पूर्वको म्यानमारको संविधान सेनालाई संसद्मा एक चौथाइ स्थान सुनिश्चित गरेको छ, प्रमुख मन्त्रालयहरूको नियन्त्रण दिएको छ र विदेशीसँग बिहा गर्ने वा विदेशी सन्तान भएका व्यक्तिलाई राष्ट्रपति हुन रोकेको छ। यही कारणले सु ची राष्ट्रपति हुन नपाएकी हुन्।

त्यही अवस्थामा एक प्रकारको सहकार्यको ढाँचाको विकास भयो र सन् २०१५ को निर्वाचनबाट सु ची र उनको पार्टीका नेताहरू सत्तामा पुगे। उनीहरूलाई कैदमा राख्नेहरू सेना र पुराना बन्दीहरू मिलेर सरकार चलाए। त्यसरी हेर्दा म्यानमारको लोकतन्त्र स्पष्टरूपमा बलियो हुँदै गएको थियो। तर, त्यो प्रगति अहिले नराम्ररी रोकिएको छ। वास्तवमा नवनिर्वाचित संसद्को बैठक बस्ने भनिएको दिनमा नै यो सैनिक विद्रोह भएको छ।

म्यान्मारमा भएको यो घटना नौलो भने होइन। सन् १९४८ मा स्वतन्त्र भएदेखि नै हाल तात्मडाउ भनिने सेनाले नागरिक नेताहरूले भन्दा धेरै समय शासन चलाएको छ। सन् १९९१ मा शान्तिपूर्ण विरोधको प्रतीकका रूपमा नोबेल शान्ति पुरस्कारबाट सम्मानित सु ची आफैँले नै सन् १९८९ २०१० का बीचमा १५ वर्ष नजरबन्दमा बिताएकी छन्। नजरबन्दबाट मुक्त भएपछि उनले सेनाको शक्ति बलियो र राष्ट्रिय हितका विषयमा निर्णायक मानिने संवैधानिक व्यवस्था स्वीकार गरेर सत्ता साझेदारी गरेकी थिइन्।

परन्तु, यो असुविधाजनक सहअस्तित्व त छँदै थियो त्यसमा सु चीको उनका जनताबीच देवीको छवि तथा सेनाको कठोर अप्रिय अनुहारले गर्दा थप जटिल बन्यो। तैपनि, यसले काम गरिरहेजस्तै देखिन्थ्यो। म्यानमार का अल्पसंख्यक रोहिंग्या मुसलमान हरूको दमनमा सेनाको प्रतिरक्षा गरेर अन्तर्राष्ट्रिय जगतमा आफ्नै छविमा दाग लगाउने हदसम्म सु चीले बर्दीधारी सत्ता साझेदारको साथ दिएकी थिइन्।

विदेशमा विशेषगरी पश्चिमा प्रशंसकहरूका बीचमा उनको छवि बिग्रे पनि सु ची देशभित्र शक्तिशाली बन्दै गएको भान हुन्थ्यो। मानव अधिकारवादीहरूले रोहिंग्या समुदायको विरुद्धको क्रूर फौजी दमनलाई जातीय नरसंहारका रूपमा हेर्दै आएका छन्। अन्तर्राष्ट्रिय फौजदारी अदालत, हेगमा प्रतिवाद गर्दै उनले 'रोहिंग्या' शब्दको उच्चारणसम्म पनि गर्न अस्वीकार गरिन् र तिनलाई बंगलादेशी घुसपैठी भन्ने कट्टरपन्थी भाष्यकै अनुमोदन गरिन्।

आलोचकहरूले सु चीमाथि सेनाको तुष्टीकरणमा लागेको, जातिवादी, प्रभुत्ववादीसम्म भएको आरोप लगाएका थिए भने प्रशंसकहरूले सेनाको नियन्त्रणमा रहेको मुलुकमा लोकतन्त्र अगाडी बढाउने व्यवहारवादी मार्ग अपनाएको तर्क गरेका थिए। सयौं राजनीतिक बन्दीहरूलाई जेलमै राख्ने र जातीय अल्पसंख्यकको दमन कायमै रहने व्यवस्थामा उनले जनाएको सहमतिबाट धेरैलाई क्षुब्ध बनायो भने एमनेस्टी इन्टरनेसनल लगायतले त उनलाई प्रदान गरिएको सर्वोच्च सम्मान नोबेल पुरस्कार फिर्ता लिन सन् २०१८ मा आह्वानै गरेका थिए।

सुकीको पछिल्लो गिरफ्तारीपछि भने उनका विरुद्ध आरोपप्रत्यारोप साम्य भएको छ। धेरै मुलुकका सरकारहरूले चिन्ता प्रकट गरेका छन् र उनको रिहाइका साथै लोकतन्त्र पुनःस्थापना गर्न आह्वान गरेका छन्। अर्कातिर, सेनाले भने आफ्नो कारबाही संवैधानिक भएकोमा जोड दिएको छ।

म्यानमारका छिमेकीहरूले सैनिक विद्रोहपछि निकै सावधानी पूर्वक पाइला चालिरहेका छन् र पहिलेको सम्बन्धमा केही परिवर्तन हुनसक्छ। सैनिक सत्ताका पश्चिमा आलोचकहरू जसरी नारामा सीमित नभई भारत लामो समयसम्म म्यानमारमा लोकतन्त्र, स्वतन्त्रता र मानवअधिकारका पक्षमा दृढतापूर्वक उभियो। एसएलओआरसीले सन् १९८९ मा राष्ट्रव्यापी जनविद्रोहको क्रूरतापूर्वक दमन गर्दा भारत सरकारले सुरुमै दमनबाट भागेका विद्यार्थीलाई शरण दियो र भारतबाटै प्रतिरोध आन्दोलन चलाउने अनुमति केही आर्थिक सहयोग पनि दियो। साथै भारतले लोकतन्त्र समर्थक अखबार र रेडियो चलाउन सहयोग पनि दिएको थियो।

परन्तु, त्यसपछि चीन म्यानमारभित्र पस्यो भने पाकिस्तानले जर्नेलहरूको खातिरदारी गर्न थाल्यो। चीनले म्यानमारमा समुद्री बन्दरगाह निर्माण र ठूलो मात्रामा प्राकृतिक ग्यासको भण्डारको अन्वेषण तथा म्यानमारको सैनिक शासनले भारतको उत्तरपूर्वी राज्यमा जातीय विद्रोह उकास्ने कार्यले भारतका लागि स्पष्ट खतरा उत्पन्न भयो। फलस्वरूप, भारतीय नेताहरूले यांगुनका शासकहरूसँग सम्बन्ध स्थापित गरे।

अहिले चीन सु चीको निकट पुगेको मानिन्छ भने भारतीयहरू म्यानमारका सैनिकको त्यहाँका जातीय विद्रोहको लामो समयसम्म सहयोगी रहेको चीनसँग तनाव हुँदा सन्तोष मान्छन्। भारतमा धेरैको मत छिमेकी मुलुकको लोकतन्त्र र मानव अधिकारका पक्षमा उभिनुपर्छ भन्ने रहेको छ भने अरू अलि व्यवहारवादी भएर कदम चाल्ने सुझाव दिँदै सन् १९८८ ( २००१ को अवधिको गल्ती दोहोरिन दिन नहुने ठान्छन्।

सैनिक विद्रोहपछि विख्यात बर्मेली इतिहासकार मिन्ट ऊले ट्विटरमा लेखेका छन् र यसपछि के होला भनेर निश्चित गर्न कसैले पनि सक्तैन कि भन्ने निराशाजनक अनुभूति गरिरहेको छु। स्मरणीय छ, यहाँ करोडौंले मुस्किलले हातमुख जोर्न सक्छन् भने अर्कातिर हतियारले ढाकिएको मुलुक म्यान्मार जातीय तथा धार्मिक आधारमा गहिरोसँग विभाजित छ। यो यस क्षेत्रका सबैका लागि भद्र चेतावनी पनि हो। ( भारतका पूर्वविदेश राज्यमन्त्री) बाह्रखरीबाट।

> म्यानमारका छिमेकीहरूले सैनिक विद्रोहपछि निकै सावधानी पूर्वक पाइला चालिरहेका छन् र पहिलेको सम्बन्धमा केही परिवर्तन हुनसक्छ। सैनिक सत्ताका पश्चिमा आलोचकहरू जसरी नारामा सीमित नभई भारत लामो समयसम्म म्यानमारमा लोकतन्त्र, स्वतन्त्रता र मानवअधिकारका पक्षमा दृढतापूर्वक उभियो। एसएलओआरसीले सन् १९८९ मा राष्ट्रव्यापी जनविद्रोहको क्रूरतापूर्वक दमन गर्दा भारत सरकारले सुरुमै दमनबाट भागेका विद्यार्थीलाई शरण दियो र भारतबाटै प्रतिरोध आन्दोलन चलाउने अनुमति केही आर्थिक सहयोग पनि दियो। साथै भारतले लोकतन्त्र समर्थक अखबार र रेडियो चलाउन सहयोग पनि दिएको थियो।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# विराटनगरको 'विराट राजबंशी' जातिलाई सुचिकृत गर्ने चौंध वर्षको निरन्तर प्रयास

राजेश कुमार राजबंशी

विराटनगर । विराट राजवंशीको चाहना, विराट प्रदेशको स्थापनाको नाराका साथ विराटनगर महानगर पालिकामा २०६४ साल निरन्तर रूपमा आवाज उठाउँदै आइरहेको सबैमा अवगत नै छ । विराट राजवंशीहरुले उठाएको माग सरकारले अबिलम्ब सम्बोधन गर्नुपर्छ ।

विराट राजवंशीहरुको इतिहास हेर्ने हो भने धेरै टाढा जानु पर्दैन विराटनगरको भेडियारी गएर विराट राजाको दरवारलाई हेर्दा हुन्छ । हजार वर्ष पहिले विराट राजाको दरवार भएकोले विराट राजवंशी हरुलाई अबिलम्ब आदिवासी जनजातिमा सुचिकृत गरी साथै विराटनगरमा आफ्नो विराट राजवंशी समाज उत्थान समिति बृहत भेला गरी विराट राजवंशीको एकता, पहिचान, अधिकार, समृद्धि र स्वभिमानका लागि बृहत भेला गर्दै आएको छ ।



विराट राजबंशी समुदायले जाडो आममा खाने परिकार भक्का बनाउँदै ।

विराट राजवंशी समुदायले सदियौंदेखि जल, जमीन, जङ्गल तथा विभिन्न प्राकृतिक विपदासँग संघर्ष गर्दै आफ्नो अस्तित्वलाई जोगाउँदै आइरहेकोले राज्यबाट पाउने अधिकार, सेवासुविधाहरु अरु जातिले पाउने सरह पाउनु पर्छ । शैक्षिक, सास्कृतिक, राजनीति, धार्मिक क्षेत्रमा पनि हाम्रो पहुँच हुनुपर्छ भन्ने विभिन्न कार्यक्रमहरु सभा, जुलुस, ज्ञापनपत्र, मानव साङलो, अनशन, चक्का जाम गरी राज्यलाई घचघचाउँदै आएका छ ।

विराट राजवंशी यस क्षेत्रका आदिवासी जनजातिहरुका उत्थानका लागि अग्रनी भुमिका खेल्दै आएता पनि राज्यले अहिलेसम्म आदिवासी जनजातिको सूचिमा सुचिकृत नगर्नुले यस क्षेत्रका विभिन्न राजनीतिक दलहरू र सुचिकृत जातिहरुको नियत प्रति प्रश्न चिन्ह खडा भएको छ । अब आउने दिनहरुमा विराट राजवंशीहरुलाई सचेत र सहज रहन तथा सम्बन्धि निकायलाई कुनै पनि प्रकारको सहयोग नगर्ने समेत बाध्य तुल्याएको छ । विराट राजवंशीहरुलाई अबका दिनमा सौताको व्यवहार गरे वा राज्य बाट पाउने अधिकार र सेवा सुविधा बाट वन्चित गरेमा त्यसका निम्ति कडा भन्दा कडा प्रतिवाद गर्दै आन्दोलनमा उत्रने भएको छ ।

आन्दोलनबाट हुने क्षतिको जिम्मेवारी राज्यले नै लिनुपर्ने छ भनी जानकारी गराउँदै यस्तो सरकारलाई जगाउन र आफ्ना जायज मागहरू लाई पुरा गराउन फाल्गुन ६ गते का दिन विराटनगरमा बृहत भेला गराउने भएको छ । विराटनगर महानगरपालिकाका दक्षिण भारत नेपाल सिमाना नजिकै पर्ने भडियारीको पुरातात्तिक विभागद्वारा उत्खनन हुँदा हुदै स्थापित रहेको राजा विराटको दरवार विराटनगर आसपासको क्षेत्रमा मात्र बसोबास रहेको यस ठाँउको मूल आदिवासी विराट राजवंशी समाजको जनसंख्या अन्य समाजको तुलनामा एकदमै न्यून रहेको छ ।

तीन दशक अगाडि विराट राजवंशीहरु सम्पन्न रूपमा रहेको देखिन्थ्यो । कृषि पेसामा आत्मनिर्भर रहेका विराट राजवंशीहरुमा जमिनदार प्रथा, जमिनदारहरुले रैती शीत गर्ने व्यवहार यति मिलनसार रहेका थिए । जसले गर्दा सामाजिक क्षेत्रमा राजवंशी जातिको राम्रो प्रतिष्ठा रहेको थियो । यति सरल र निस्वार्थ भावनाको रूपमा स्थापित रहेका विराट राजवंशी जाति राज्य पक्षको अपेक्षाले आज विराट राजवंशी समाजले अन्य जातिको अधिकार सरह अधिकार पाएको छैन । राजवंशी जातिको पहिचान र सस्कृति लोप हुन गइरहेको छ । पहिचान र सस्कृतिहरुलाइ लोप हुनबाट जोगाउनका लागि प्रत्येक वर्ष फाल्गुन ६ गते बृहत भेला, जुलुस गर्दै आएको राज्यलाई अवगत गराउँदै आएको छ ।

विराटनगर महानगरपालिकामा विराट राजवंशीको बसोबास बखरी मलहनवा, दरैया, कटकुप्पा, मधुमारा, इकराही, कन्चनवारी, खार्जी कोहबार, गोग्राह, पोखरिया, शकरपुर, कोचाखाल, सरोचिया, ब्रहमपुरा, भेडियारी, पिछरामा रहेको छ ।

त्यसै गरि जहदा गाउँ पालिकाको बुधनगर, हरिनगरा, हथिबन्धा, बभनटोली, जयरामपुर, सोहल, बनरखौकिया, कटहरी गाउँपालिकाको कदमटोली, आदर्शटोल, महेशपुर, खुरिया, जिरात, सितपुरा, ढेलाखौकी, नयाँबजार, केसोरिया, धनपालथान गाउँपालिकामा दादरबैरिया, कर्सिया, बुढिगंगा गाउपालिकाको बासबारी, टंकी, बगवन, मानगड, उर्लाबारी नगरपालिकाको बबियाबिर्ता, कारिकोसमा रहेका छन । त्यसै गरी सुनसरीको दुहवी नगरपालिकाको सितापुर, दुहवी ,भलुवा, फर्साइम रहेका छ भने झापा जिल्लामा घैला डुव्बामा रहेको छ ।

विराट राजवंशी समाजका मागहरू

१. विराट राजवंशीलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा सुचिकृत गर ।

२.प्रदेश न.१ लाई विराट प्रदेश घोषणा गर ।

३. राज्यको हरेक अगमा विराट राजवंशीको स्थान सुनिस्चित गर ।

४ विराटनगर महानरपालिका का तत्कालीन कटहरी गा.पा., जहदा गा. पा. र बुढिगगा गाउँपालिकाका क्षेत्रलाई विराट राजवंशी स्वायत परिषद् को व्यवस्था गर ।

५. राष्ट्रिय जनगणना आयोग तथ्यांक विभागमा सुचिकृत उन्मुख जातिहरुको अलगै अभिलेखको व्यवस्था गर ।

६. भेडियारी स्थित विराट राज दरवार क्षेत्रको सरक्षण एवम् सम्वर्धन गरि पर्यटकीय क्षेत्रको रूपमा विकास गर ।

७. १ न प्रदेशसभा सदस्यमा यश प्रदेश राजधानीका मुल आदिवासी विराट राजवंशीलाई समानुपातिक रूपमा प्रतिनिधित्व सुनिश्चित गर ।

८. विराटनगरको प्रथम जातिको रूपमा विराट राजवंशी लाई घोषणा गर ।

यी माथिका मागहरु लाई पूरा गर्ने उदेश्यले पुन: २०७६ फाल्गुन ६ गते १४ औ बृहत भेला गर्न गईरहको छ । सो बृहत भेला विराटनगरको विरेन्द्र सभा हलमा हुन गइरहेको विराट राजवंशीको भव्य र सभ्य भेला लाई आफ्नो जातीय भेषभुषा, सास्कृतिक पहिचान झल्काउने जुलुस झाकी सहित सम्पूर्ण विराटप्रेमी दाजुभाइ, दिदिबहिनी, शिक्षक, कर्मचारी, व्यपारी, राजनीतिज्ञ, किसान, विधार्थी, युवायुवती, कलाकार बृद्वबृद्वा तथा शुभ चिन्तक इष्टमित्रहरुलाई उपस्थिति भई कार्यक्रमलाई सफल बनाइदिनुहुनका लागि समाजले आह्वान गरेको छ ।

बृहत भेलालाई सफल बनाउन सो अगाबै माघ ३० गते विराटनगरको राजवंशी चौकमा भेला भइ मोटर साइकल ऱ्याली गरिएको छ । सो ऱ्याली बरगाछि महेन्द्र चौक प्रदेश प्रमुख कर्यालय हुँदै सोमबरे हाट ट्राफिक चौक जिल्ला प्रसासन कार्यलय हस्पिटल चौक हुँदै देवकोटा चौक कोण सभामा परिनत हुने १४ औ बृहत भेलाको संयोजक रामनारायण राजवंशीले जानकारी गराएको छ । हालै राना थारू लाई छुट्टै जातिको रूपमा शुचिक्रीत गरेकोले हामीलाई उत्साहित बनाएको छ । फाल्गुन ६ गते पछी विराट राजवंशीलाई सरकार ले सुचिक्रीत नगरे हामी ससक्त आन्दोलन गर्नेछौं । राजबंशी समाज उत्थान समितिका केन्द्रिय भुवनेश्वर जनाकारी गराएको छ ।




# गरीब तथा विपन्न परिवारलाई राहत वितरण

बिराटनगर । नेपाल रेडक्रस मोरंग शाखाको सहयोगमा बिराटनगर महानगर पालिका वडा नं. १२ का १ सय ५० गरिब तथा विपन्न परिवारलाई कम्बल वितरण गरिएको छ ।

बडा कार्यालय बिराटनगर १२ को पहलमा दलित, एकल महिला, ज्येष्ठ नागरिक, गरीब तथा विपन्न परिवारलाई सो कम्मल वितरण गरिएको हो ।

माघ महिनाको अन्तिम सातासम्म पनि जाडो बढिरहेकोले कम्मल वितरण गरि सानो सहयोग गरेको बिराटनगर महानगरपाकि वडा नं. १२ का वडा अध्यक्ष हिरालाल कामतले बताए ।

कामतले भने जनताहरु कोभिड महामारीको कारण आर्थिक रुपमा थला परेको अवस्थामा पहिले पनि मास्क, खाद्यान आदी सहयोग गरेको साथै आगामी दिनहरूमा पनि सहयोग जारी राख्ने प्रतिवद्धता जनाएको छ ।

# प्रतिबन्धित औषधिहरु बरामद

विराटनगर । एकजनाको कोठाबाट दश लाख भन्दा वढीको नेपालमा प्रतिवन्धित रहेको औषधीहरु प्रहरी द्धारा बरामद गरिएको छ ।

विराटनगर महानगर पालिका वडा नं. ५ स्थित न्यूरो अस्पताल नजिकै रहेको एक घरबाट नेपालमा प्रतिबन्धित गरिएको १० लाख भन्दा बढिको औषधीहरु बरामद गरिएको छ ।

विशेष सुराकका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले राम प्रसाद साहको घरमा डेरा गरी बस्ने विकाश मण्डल र बिक्रम मण्डलको कोठामा खानतलासी गरेको थियो ।

खानतलासी गर्ने क्रममा मण्डलको कोठाबाट इजेक्सन एमिडोन, पारासिटामोल, डेसरीम लगायतका ७९ ब्राण्डका नेपालमा प्रतिबन्धित रहेका १० लाख ३ हजार १ सय ८० रुपैया बराबरको औषधीहरु पेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

साथै प्रहरीले कोठाबाट औषधीमा टाँस्न प्रयोग गरिने स्टीकर बनाउने एचपी कम्पनीको कलर प्रिन्टर समेत फेला पारी वरामद गरेको छ भने कोठामा रहेका विक्रम मण्डललाई नियन्त्रणमा लिएको छ ।

बरामद गरिएको औषधी र पक्राउ परेका विक्रम मण्डललाई आवश्यक कारवाहीको लागि औषधी व्यवस्था विभाग विराटनगरमा बुझाएको छ ।

# बन्चरो प्रहार गरी श्रीमतिको हत्या

तेह्रथुम । तेह्रथुमको लालिगुराँस नगरपालिका वडा नं. ३ मुसाङखेलका ४३ बर्षीय नर बहादुर लिम्बु हत्याको आरोपमा पक्राउ परेका छन् ।

लिम्बुले घरायशी बादबिबादको कारण आफ्नै श्रीमती ४७ बर्षीया मईतरानी लिम्बुलाई बन्चरोले प्रहार गरी हत्या गरेको भन्ने खवर प्राप्त भएसँगै जिल्ला प्रहरी कार्यालय तेह्रथुमबाट खटिएको प्रहरी टोलीले लिम्बुलाई पक्राउ गरेको हो ।

घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# एमपीएल क्रिकेट प्रतियोगिताको आठौ संस्करण फाल्गुण ५ देखि ८ गते सम्म

विराटनगर । मारवाडी समुदायका विभिन्न घटक बीच मैत्रीपूर्ण मारवाडी प्रीमिर लीग (एमपीएल) क्रिकेट प्रतियोगिताको आठौ संस्करण फल्गुणको पहिलो साता देखि हुने भएको छ ।

नेपाल अग्रवाल युवा मंचले पत्रकार सम्मेलन गरी एमपीएल संयोजक मनिष अग्रवालका अनुसार विराटनगर महानगर पालिका वडा नं. २ शंकरपुर मार्ग विराट नर्सिङ्ग होमको पूर्वको मैदानमा फाल्गुण ५ गते दखि ८ गते सम्म संचालन हुने छ ।

उक्त एमपीएल क्रिकेट प्रतियोगिता लीगकम नकआउटको आधारमा खेलाइने सो प्रतियोगितामा १० बटा लिग खेल हुने भएको छ । लिगको टप पहिलो र दोस्रो हुने टिमविच फाइनल प्रतिस्पर्धा हुने आयोजकले जानकारी गराएको छ ।



एमपीएल क्रिकेट प्रतियोगिताको आठौं संस्करणको लागि पत्रकार सम्मेलन गर्दै ।

मारवाडी समुदाय बिच हुने एमपीएल क्रिकेट प्रतियोगितामा नेपाल अग्रवाल युवा मंच, मेहेश्वरी युवा मंच, ओस्वाल युवा मंच, नेपाल मारवाडी ब्राहण युवा मंच र स्वर्णकार युवा मंचका क्रमश केएवी रोयल्स, प्रिमियर एलेभेल विराटनगर, महालक्ष्मी एलेभेल, पर्शुराम वारियर्स र सोनी रोयलस गरी पांचवटा टिप बीच प्रतिस्पर्धा हुने भएको छ ।

विजेता टीमलाई ट्रफि सहित नगद ४१ हजार र उप विजेतालाई ट्रफि सहित १५ हजार प्रदान गरिने छ । प्रतियोगिताको म्यान अफ द सिरिज हुने खेलाडीलाई ५ हजार १ सय नगद तथा प्रत्येक खेलको म्यान अफ म्याच हुने खेलाडीले नगद २ हजार १ सय रकम सहित ट्रफि प्रदान गरिने भएको छ ।

त्यसैगरी उत्कृष्ट बलर तथा उत्कृट ब्याट्म्यान समेतलाई नगद पुरस्कार तथा ट्रफि प्रदान गरिने भएको छ । उक्त एमपीएल क्रिकेट प्रतियोगितामा ४ लाख खर्च हुने नेपाल अग्रवाल युवा मंचका अध्यक्ष मोहित अग्रवालले वताए ।

एमपीएल क्रिकेट प्रतियोगिता को लागि मुख्य प्रायोजक आनन्द ईटा उद्योग रहेको छ भने सह प्रयोजकको रुपमा एम आई मोबाईल र रमपम चाउचाउ लगायत रहेको आयोजकले वताए ।

# अबैध रूपमा ट्रकमा रहेको ६७ थान गोरू बरामद

विराटनगर । जिल्ला मोरङ केराबारी गाउँपालिका वडा नं. ५ सतिसाले स्थित गोरु लोड गरेको ट्रक प्रहरीले बरामद गरेको छ ।

गोप्य सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय केराबारीबाट खटिएको प्रहरी टोलीले अवैध रूपमा ना. ६ ख ६१३२, ना.६ ख.९७३४ र ना. ५ ख ७७५७ नम्बरको ट्रकमा ६७ वटा गोरू फेला पारेको छ ।

अनुसन्धानको क्रममा उक्त गोरू सिन्धुपाल्चोक घर भएको ठेकेदार विश्व बस्नेत भएको वुझिएको भने केराबारी गाउँपालिका वडा नं. ८ बस्ने डोर बहादुर बिक लगायत ९ जनाको ब्यवसाय गर्दाको रकम समेत नदिएको खुल्न आएको छ ।

ट्रक, चालक र गोरु नियन्त्रणमा लिई ईप्रका बेलबारीमा ल्याई अनुसन्धान पश्चात आवश्यक कारबाहीको लागि राजस्व अनुसन्धान कार्यालय ईटहरीमा बुझाएको सो कार्यालयले जनाएको छ ।

कोरोना भाइरस (कोभिड-१९) के संक्रमणसे बचैके लेल समाजिक दुरी कायम करू आर माक्स लगाऔ ।

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

*3. यसबाट बच्न के-के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १

# प्रदेश नं. १ सत्तापक्षबाटै सदन संचालनमा अबरोध पछि स्थगन

विराटनगर । प्रदे नं. १ को प्रदेश सभाको सातौ अधिवेशन सदनमा कुनै प्रक्रिया अघि नबढी स्थगत भएको छ ।

संसदीय कार्य परामर्श समितिको बैठकमा सदन चलाउन सहमतिको प्रयास खोज्दा पनि सहमति जुट्न नसकेपछि बैठक स्थगन गरेको सभामुख प्रदीपकुमार भण्डारीले जानकारी गराएका थिए ।

सदन प्रारम्भ भएपश्चिात सत्तापक्षका प्रमुख सचेतक बुद्धिकुमार राजभण्डारीले संसदीय क्रियाकलाप विपरित काम गर्ने १६ जना सांसदहरुले संसदको कुनै पनि गतिविधिमा भाग लिन नपाउने बैठकको प्रारम्भमै उभिएर प्रस्ताव गरेपछि सभामुख भण्डारीले तत्काल बैठक अन्त्य गरी फागनु ९ गते बस्ने घोषणा गरेका थिए ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का बहुमतको सरकारमा ३७ जना सांसदले सरकारप्रति अविश्वासको प्रस्ताव दर्ता गराएको थियो भने ती मध्ये पाँच जना सांसदहरुले सो प्रस्तावबाट आफ्ना नाम फिर्ता लिएका छन् भने सत्ता पक्षले १६ जना सांसदलाई सरकार विरुद्ध क्रियाकलाप गरेको आरोपमा निलम्वन गरेको थियो ।

प्रमुख सचेतक राजभण्डारीले सदनमा आएको गतिरोधलाई अन्त्य गर्न र सदनलाई सुचारु बनाउन अब अन्य राजनीतिक दलहरुसँग छलफल एवं परामर्श गर्ने जानकारी दिए भने प्रमुख प्रतिपक्ष नेपाली काङ्ग्रेस संसदीय दलका नेता राजीव कोइरालाले संसदीय अभ्यासमा पहिलो पटक सत्तापक्षबाट नै संदन सञ्चालनमा अवरोध सिर्जना हुनु आश्चर्यको विषय भएको प्रतिक्रिया दिए ।

## ब्राउन सुगर बरामद

झापा । झापाको दुई छुट्टाछुट्टै स्थानबाट बुधवार नियन्त्रीत लागुऔषध ब्राउनसुगर सहित २ जना पक्राउ परेका छन् ।

बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय काकडभिट्टा बाट खटिएको प्रहरी टोलीले मेचीनगर नगरपालिका(७ गैह्रीगाउँबाट मेचीनगर नगरपालिका वडा नं. ६ का २४ बर्षीय सुरज खड्कालाई २ ग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको हो । त्यसैगरी सोही कार्यालयबाट खटिएको प्रहरी टोलीले मेचीनगर नगरपालिका वडा नं. ६ बाट स्थानीय २८ बर्षीय प्रकाश लिम्बुलाई १८ ग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको ईलाका प्रहरी कार्यालय काकडभिट्टाले जनाएको छ । पक्राउ परेका दुवै जनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

*3. यसबाट बच्न के-के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

लेटाङ्ग नगरपालिका मोरंग प्रदेश नं. १



पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर
MAX
Maximum care for life
INTERNATIONAL HOSPITAL
&
TRAUMA CENTER (P.) Ltd.
Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# एक नबालक सहित ९ जना लागुऔषध ट्याब्लेट र गाँजा सहित पक्राउ

बिराटनगर । उदयपुर र सुनसरीका बिभिन्न स्थानबाट नियन्त्रीत लागुऔषध ट्याब्लेट र ठुलो परिणामको गाँजा सहित सोमवार ९ जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले त्रियुगा नगरपालिका वडा नं. ६ जलजलेबाट त्रियुगा नगरपालिका वडा नं. १ का ३२ बर्षीय बिदुर अधिकारी, त्रियुगा नगरपालिका वडा नं. १४ का २६ बर्षीय कुमार मगर, त्रियुगा नगरपालिका वडा नं. १३ का २५ बर्षीय सागर चौधरी र सुनसरीका २५ बर्षीय अभिसेक जैसवाललाई लागुऔषध ट्याब्लेट सहित पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुको साथबाट प्रहरीले डाइजेपाम १९ एम्पुल, फेनारागन १९ एम्पुल, लुपिजेसिक १९ एम्पुल र २ वटा सिरिन्ज बरामद गरेको छ ।

त्यसैगरी उदयपुरकै त्रियुगा नगरपालिका वडा नं. १२ बाट स्थानीय १५ बर्षीय बालक लागुऔषध सहित पक्राउ परेको छ ।

बालकको साथबाट प्रहरीले फेनारगन २ एम्पुल, नोरफिन २ एम्पुल र डाईजेल्याप २ एम्पुल बरामद गरेको छ । घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

उदयपुरकै कटारी नगरपालिका नगरपालिका वडा नं. ८ बाट ठुलो परिणामको गाँजा सहित तिन जना पक्राउ परेका छन् । सोमवार ईलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरी टोलीले बेतनीबाट कटारी तर्फ आउँदै गरेको स १ च ८०४ नम्बरको पिकअपलाई रोकेर चेकजाँच गर्ने क्रममा उक्त पिकअपबाट १ सय २१ केजी गाँजा बरामद भएको थियो ।

गाँजा बरामद भएसंगै गाडीमा सवार रहेका ताप्ली गाँपालिका वडा नं. ३ का ४१ बर्षीय सन्त बहादुर मगर, चालक २१ बर्षीय हेम बहादुर मगर र शम्भु मगर समेत गरी तिन जनालाई नियनत्रणमा लिई थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय कटारीले जनाएको छ ।

भोजपुरको हतुवागढी गाउँपालिका वडा नं. ६ घर भई धरान उप-महानगरपालिका वडा नं. १३ डेरा गरी बस्ने ३४ बर्षीय गुमान राई सवा २ केजी गाँजा सहित पक्राउ परेको छ ।

राईले आफ्नै घर कोठामा गाँजा भण्डारण गरी बेचबिखन गर्ने गरेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले राईलाई २ केजी २७० ग्राम गाँजा सहित पक्राउ गरेको हो ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# चिट्ठाको प्रलोभन देखाएर ठगी

झापा । चिट्ठा परेको भनी प्रलोभन देखाएर ठगी गर्ने१ जनालाई जिल्ला प्रहरी कार्यालय झापाले पक्राउ गरेको छ ।

अनलाईनबाट चिट्ठा परेको सामग्री भन्सारबाट छुटाउन राजश्व लाग्ने भन्दै बिभिन्न बैकहरुको खाता नम्बर दिएर बिभिन्न ब्यक्तिहरुबाट रकम ठगी गर्ने झापा अर्जुनधारा वडा नं. ९ का २९ बर्षीय पंकज पौडेली बि.क. पक्राउ परेका हुन् ।

पौडेलीले अनलाईनको माध्यमबाट ठगी गरेको भनी महानगरीय अपराध महाशाखा काठमाण्डौमा ठगि मुद्दा दर्ता भएसंगै खोजतलासमा खटिएको ईलाका प्रहरी कार्यालय बिर्तामोडको प्रहरी टोलीले बिर्तामोड नगरपालिका वडा नं. २ बाट उनलाई पक्राउ गरेको हो ।

पक्राउ परेका बि.क.को साथबाट नगद ३ लाख ५६ हजार ७ सय १० रुपैयाँ, घरकोठामा रहेको दराज भित्रवाट २ लाख ८ हजार दुई सय रपैयाँ र पौडलीको घर पछाडीको गाई ग्वाली छेउमा रहेको गोवरको थुप्रो भित्र झोलामा प्याकिङ गरी गाडिएको अवस्थामा ८ आठ लाख ३० हजार ३ सय ५ रुपैयाँ गरी जम्मा १३ लाख ९५ हजार २ सय १५ रुपैयाँ नगद बरामद भएको छ ।

त्यसैगरी पौडेलीको नाममा दर्ता कायम रहेको सवारी दर्ता किताव १ थान ,विनोद काफ्लेको नामको सवारी चालक अनुमति पत्र १ थान, अनिल बस्नेतको नामको सवारी चालक अनुमति पत्रको प्रतिलिपी, पंकज पौडेलीको नामको नागरिकताको प्रतिलिपी १ थान र सिम सहितको २ थान मोबाईल बरामद भएको छ ।

ठगीको आरोपमा पक्राउ परेका बि.क.लाई थप अनुसन्धानको लागी महानगरीय अपराध महाशाखा मिनभवन काठमान्डौ पठाईएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# रामायणकालीन मार्ग : धार्मिक पर्यटनको मेरुदण्ड

राकेश प्रसाद चौधरी

धार्मिक ग्रंथ रामायणमा चर्चा गरिएको अयोध्या नगरीको विषयमा थप अध्ययन हुन थालेको छ । भारतमा रहेको अयोध्या रामायणकालीन नै भएको अन्तर्राष्ट्रिय मान्यतालाई नेपालमा रहेको अयोध्याबारेको खोज र अनुसन्धानले चुनौती दिने विषयमाथिको बहस केही बर्षपछि अवश्य नै हुनेछ । अहिले चर्चा हुने गरेको धार्मिक एवं ग्रामिण पर्यटनमा रामायणकालीन मार्गको विषय उठान गरिनु अपयुक्त लागेको छ ।

रामायणकालीन जनकपुर र अयोध्याबीचको मार्गको चर्चा अझैसम्म कायम छ । अर्थात जनकपुरमा मनाइने रामजानकी बिवाहोत्सवमा अयोध्याबाट आउने जन्ती झाँकीले प्रयोग गर्ने मार्गको अत्याधिक चर्चा हुने गर्दछ । भारत सरकारले रामायण सर्किट भनेर चर्चा थालेको धेरै भइसकेको छ । तर वर्तमान अवस्थामा जनकपुरबाट अयोध्यासम्म पुग्ने बसले प्रयोग गर्ने मार्ग पक्कै रामायणकालीन नरहेकोमा दाबी गर्न सकिन्छ । रामायणमा चर्चा गरिएको मार्ग धार्मिक पर्यटनको हिसाबले उपयुक्त रहेकोमा दुईमत छैन ।

समय समयमा चर्चा हुने रामायण सर्किटले जंगली अवस्थामा अयोध्याबाट भगवान रामले गुरु बशिष्ठका साथ जनकपुरसम्म तय गरेको मार्गको बिकास गर्ने योजना अनुसार काम गरिरहेको छ । त्यही रामजानकी बिवाहोत्सवका लागि जन्ती आएको र बेहुलीसहित फर्किएको मार्गबारे रामायण सर्किटमा खासै चर्चा गरिएको छैन । यस विषयमा चर्चा गर्न नेपाल र भारत सरकारले चाँसो नदेखाए पनि स्थानीयस्तरबाट पहल भइसकेको छ । यसबर्ष कोभिड१९ को कारण हंसानन्द गिरीको नेतृत्वमा संत तथा साध्वीहरुको २८ जनाको समूह मात्र अयोध्याबाट जनकपुर आउनुभएको थियो । यस जन्तीको एक मात्र उद्देश्य बिवाहोत्सवपछि डोलीमा बसेर सीतालाई अयोध्या लगिएको मार्गको पहिचान गर्नु रह्यो ।

रामजानकी बिवाहोत्सव नाम दिइएपनि रामका तीन भाई लक्ष्मण, भरत र सत्रुधन र सीताकी तीन बहिनी उर्मिला, माण्डवी र श्रृतिकीर्तीको बिवाह र बिदाई एकसाथ भएको थियो । रामायणमा रामको यशगान रहेकोले रामायण सर्किटमा बेहुलीहरुसहित जन्ती फर्किएको मार्गको अध्ययन अनुसन्धानमा बेबास्ता भएको मान्न सकिन्छ ।

जनकपुत्री सीताको बिवाहोत्सवमा मण्डपको वेदी बनाउन माटो लगिएको मृतखनी वर्तनको मटिहानी हो भने त्यस समयको महेशपुर अहिलेको जलेश्वर हो । सीताको स्वयंवरमा राखिएको धनुषलाई धुन नित्यदिन प्रयोग हुने जलको कुण्ड पुरन धोइ सरोवरको नाम पुरन्धर सर भइसकेको छ । जन्तीहरुको लागि एकत्र गरिएको अन्न राखिएको ठाउँ अहिले अनैठा, सुन भण्डारण भएको ठाउँ सोनागढी (हालको सोनउखडा), जन्तीलाई रोकेर राखिएको ठाउँ ठाँडी हो । बिवाहोत्सवपश्चात जनकपुरबाट बेहुलीहरुको डोली एकछिन ठाँडीमा रोकिएर जलेश्वर महादेवको दर्शन गरि पंथपाखरमा बिश्राम भएको मानिन्छ ।

अयोध्याबाट आउनुभएका संत हंसानन्द गिरीले जनकपुरबाट आउने क्रममा मटिहानीको मार्ग प्रयोग गर्दै फर्किने क्रममा ठाँडी र जलेश्वरमा एक/एक रात बिश्राम गरि भारत बिहारको बथनाहा प्रखंडमा रहेको पंथपाखरमा पुग्नुभयो । हंसानन्द गिरीको उद्देश्य थाहा पाउनुभएका महोत्तरी गाउँपालिका अध्यक्ष सुनिल कुमार रायले आफ्नो क्षेत्रमा स्वागत र व्यवस्थापन गर्नुभयो । नेपालमा सानो जन्तीको समूहलाई मटिहानीका मानमहन्थ जगन्नाथ दास, मेयर हरिप्रसाद मण्डल, जलेश्वरका मेयर रामशंकर मिश्र, राजनारायण साहसहितका व्यक्तिहरुले आ-आफ्नो क्षेत्रमा स्वागत तथा व्यवस्थापनमा कुनै कसर बाँकि राखेनन् ।

कोभिडको कारण नेपाल भारत सीमानामा निजी सवारीसाधनको आवागमन बन्द रहेपनि दुबैतर्फका जिल्ला धिकारीको पहलमा भारतीय नम्बर प्लेटको सवारीसाधन नेपाल प्रवेश गर्न सफल भएको थियो । काठमाडौं र दिल्लीले दिएकै अधिकारको उपयोग गर्दै विपद्को बेला धर्म,संस्कृति र परम्पराको पालना गर्नु नितान्त आवश्यक रहेको कुरा जिल्लाधिकारीहरुले बुझेकै कारण बिशेषाधिकार प्रयोग गर्नुभयो ।

गिरीसँग अत्याधिक समय साथ रहेको महोत्तरी गाउँपालिकाका अध्यक्ष रायले पंक्तिकारसँग बिवाहोत्सवको समयमा अयोध्या बाट जनकपुर आउने जन्ती सोनागढी, अनैठा, ठाँडी, रतवार हुँदै जलेश्वरसम्म फर्किने वातावरण मिलाउन तत्पर रह्ने बताउनुभयो । जनकपुरदेखि जलेश्वरसम्मको भित्री ग्रामिण सडकको नामाकरण बृहत जलेश्वर सीताराम मार्ग राख्दा उपयुक्त हुने देखिन्छ । पर्यटन पूर्वाधार बिकासमा यो मार्गले टेवा पुर्‍याउने आंकलन गर्न सकिन्छ । यो मार्गमा रामायण वर्णन भएका बाहेक राजा चेदीकालिन, राजा नान्यकालिन तथा राजा पूरादित्यकालिन गढ एवं मूतिहरु हेर्न सकिन्छ । जलेश्वरलाई सतयुगदेखि कलयुगको संगम नै भन्निछ । यो मार्गको नामाकरण र बिकासको लागि प्रदेश सरकारले तत्काल पहल गर्नु उचित देखिन्छ ।

बिवाहोत्सवको अवसरमा स्वामी हंसानन्द गिरी नेपाल प्रवेश गरेदेखि भारतीय छापा मेडियामा सीताराम मार्गको बहस शुरु भइसकेको छ । यो बहसलाई आफ्नो अनुकूल बनाउन मटिहानी, पिपरा, जनकपुर, लोहारपट्टि, महोत्तरी र जलेश्वरका स्थानीय सरकारहरुबीच एकमत हुनु आवश्यक छ । त्यही मटिहानी, पिपरा, महोत्तरी र जलेश्वर जोड्ने ग्रामिण पर्यटन मार्गको विषयमा समेत बहस आवश्यक छ । मटिहानी हुँदै विद्यापति गढ, सोनागढी, ठाँडी, रतवारा र जलेश्वर हुँदै सुगा, मटिहानी जोड्ने पर्यटन चकपथको लागि तत्काल छलफल गर्न आवश्यक छ । मधेश दर्पण फिचर सेवा ।

# ब्राउन सुगर सहित तीन पक्राउ

झापा । झापाको अर्जुनधारा नगरपालिका वडा नं. ११ बाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर र गाँजा सहित ३ जना पक्राउ परेका छन् ।

बिशेष सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट नयाँ बसपार्कबाट खटिएको प्रहरी टोलीले स्थानीय ४५ बर्षीय रबिन तामाङ र २८ बर्षीय दिल कुमार राई तथा भद्रपुर वडा नं. ५ का ३८ बर्षीय हिलिहाङ तुम्बाम्फोलाई बिहिवार लागुऔषध सहित पक्राउ गरेको हो ।

पक्राउ परेका निजहरुको साथबाट प्रहरीले ४ सय ८० मिलिग्राम लागुऔषध ब्राउनसुगर, ट्रमाडोल क्याप्सुल ५९ ट्याब्लेट र २०० ग्राम गाँजा बरामद गरेको छ । पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. *कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. *कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. *यसबाट बच्न के–के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १













## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर । कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्मामामा सभागी

नेपाल सरकार